बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ | बर्ष ४ | अंक ९ | मिति : पुस ९ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग -२

# साना सिंचाई (मोटर तथा पम्पसेट)मा ७० प्रतिशत अनुदानमा वितरण) कार्यक्रम कार्यावन्यन कार्यविधि– २०७७

**कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०**

**पृष्ठभूमि :**

बुद्धभूमि नगरपालिका भित्र रहेका कृषक समुह/कृषि सहकारी/कृषि फार्म लाई व्यवसायिक कृषि पेशामा आवद्ध गरि आय आर्जन गर्न तथा बुद्धभूमि नगरपालिकामा कृषि उत्पादनको बृद्धि गर्न पम्पसेट तथा मोटरबाट सिंचाई कार्यक्रमलाई व्यवस्थीत सरल, सहज,प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) बमोजिम तथा बुद्धभूमिको प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पछि लागु हुने छ।

**१ प्रारम्भिक**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम ूसाना सिंचाई (मोटर तथा पम्पसेट)मा ७० प्रतिशत अनुदानमाू वितरण कार्यक्रम कार्यविधि, २०७७ रहेको छ।

२. यो कार्यविधि बुद्धभूमि नगर कार्यपालिका वाट स्विकृत भएपछि लागु हुनेछ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः

२.**"कार्यालय"** भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.३ **"कृषि विकास शाखा"** भन्नाले बुद्धभूमि नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

२.२ **"कार्यविधि"** भन्नाले, साना सिंचाई (मोटर तथा पम्पसेट)मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ रहेको छ।

**३ उद्देश्य :** यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन ः

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने।

३.२ कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने।

३.३ सिंचित क्षेत्रफल विस्तारमा सहयोग पुर्याउने।

**४ कार्य संचालन र प्रक्रियाः**

४.१ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक समुह/कृषि

सहकारी/कृषि फार्मलाई १५ दिनको प्रस्ताव निवेदन आव्हवान गर्ने छ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्म तोकिएको म्याद भित्र तोकिएको ढाँचामा निवेदन नगरपालिकाको कार्यालयमा दिनुपर्ने छ।

**५. कृषक समुह/कृषि सहकारी/कृषि फर्म छनौटको मापदण्ड**

क) व्यवसायिकरुपमा कृषि पेशामा आवद्ध हुनु पर्ने।

ख) कृषक समुह/कृषि सहकारी/कृषि फार्म कम्तीमा १ बर्ष अघि देखि नगरपालिका तथा सरोकारवाला निकायमा दर्ता भई कृषि कार्य गरि रहेका व्यवसायिक कृषि फर्म, कृषक समुह तथा कृषि सहकारीलाई प्राथमिकता दिइने छ।

ग) समुहको हक कम्तीमा ५ विगाह जग्गा हुनु पर्ने र फर्मको हकमा १ विगाह जग्गा हुनु पर्ने।

घ) ३० प्रतिशत लगानी गर्न सक्ने प्रतिवद्धता साथमा पेश गर्नु पर्ने।

ङ) विगत ३ बर्ष सम्म साना सिंचाई कार्यक्रम नपाएको।

च.) समुह/सहकारीको हकमा कम्तीमा १० परिवार लाभान्वित हुनु पर्ने।

छ) सामुहिक चाक्ला बन्दी खेति गर्नेलाई प्राथमिकता दिइने।

ज) वडा कार्यालयको सिफारिस संलग्न गरेको।

झ) कार्यालयले प्रदान गरेको ढाँचामा प्रस्तावना पेश गरेको।

५.१ वडा कार्यालयवाट सिफारिस भई आएका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| नगरपालिका नगर प्रमुख | संयोजक |
| नगरपालिका नगर उप-प्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक वा सदस्य | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिने छ।

५.२ कार्यालयले वुँदा नं. ५ अनुसार कृषि विकास शाखा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा

गरेका आवेदनलाई छनोट गरी नगरपालिकामा पठाउनु पर्ने छ।

५.३ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी माग अनुसारको पम्पसेट÷मोटर उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस पेश गर्ने छ।

५.४ साना सिंचाई कार्यक्रमको लागि छनौट भएका कृषक समुह÷सहकारी÷फर्महरुले नगरपालिकाको सम्झौता फाराम बमोजिम सम्झौता गर्नु पर्नेछ।

५.५ छनौट भए पश्चात सम्झौता पछि छनौट भएका समुह÷सहकारी÷फर्महरुले विनियोजित बजेटको परिधि भित्र रहि लागतको ३० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्ने छ वा सप्लाई गर्ने सम्वन्धीत फार्म/कम्पनीलाई कवुल अंकको वा ठेक्का अंकको ३० प्रतिशत रकम बुझाउनु पर्ने छ।

**६. खरिद प्रकृया**— प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गरि छनौट भएकालाई वितरण गरिने छ।

**७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिका को अनुगमन समिति गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्नेछ।

**८. थपघट वा हेरफेर गर्न सक्ने**

९.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

९.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

९.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत